# नाम्खा गाँउपालिका

# यालवाड हुम्ला

# बार्षिक निती तथा कार्यक्रम

# आ.व. २०७७।०७८

नाम्खा गाँउसभाको सभाअध्यक्षज्यू,

गाउँसभाका सदस्यहरु

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघियता कार्यन्वयनमा आएको छ । लामोसमयसम्मको आम नेपाली जनताको प्रतिक्षा विभिन्न समयमा भएका संघर्ष र संविधान सभाको निर्वाचन भई जनताको प्रतिनिधिले नै संविधान निर्माण गरी जारी भई सकेर आज हामी सफल कार्यान्वयनमा रहेका छौं ।

संविधानले सुनिश्चित गरेको प्रावधानहरुलाई अक्षरस : पालना गर्ने क्रममा स्थानिय तहको निर्वाचन २०७४ सम्पन्न भईसकेर आज हामी नाम्खा गाउँपालिकामा स्थानिय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा निकै हर्ष विभोर भएका छौं । देशलाई यस स्थितीमा ल्याई पुर्याउन आफनो प्राणेत्सर्ग गर्ने महान सहिदहरु,जनआन्दोदलनका घाइतेहरु ,द्वन्द्धपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघिय व्यवस्था स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई सम्झन चाहन्छौं । संघियता र स्थानिय सरकार मार्फत गाउँगाउँमा सिंहदरवार,आफना आवश्यकता आफै पहिचान गर्ने र त्यस्ता कार्यक्रमहरुलाई आफै मुर्तरुप दिने जिम्मेवारी हाम्रो काधँमा रहेको छ । यो हाम्रो लागी अवसर र चुनौती दुवै हो । अधिकार,श्रोत साधन ,बजेट,उतरदायित्व र जवाफदेहिता समेत स्थानिय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ , जुन स्वागतयोग्य छ ।
उपस्थित सभाका सदस्यहरु ,
अब म यस नाम्खा गाउँपालिकाको निती तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. नाम्खा गाउँपालिकाको स्थानिय सरकारले विकट भौगालिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनतालाई विकासमा प्रत्यक्ष सहभागी गराउने ,मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिबिधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवि न्युनिकरण गर्ने प्रमुख नीति लिएको छ।
२. जिल्ला सदरमुकामबाट .... कोष टाढा रहेको यस गाँउपालिकाका धेरै जसो गाँउ वस्तिमा कच्चि मोटर बाटोपुगेको भएतापनी सडकको स्तरोन्नती गरी आवागमनमा सहजीकरण गर्न प्रयास गरिनेछ । हिल्सा सिमिकोट सुर्खेत राष्ट्रिय राजमार्गमा पर्ने र कर्णाली प्रदेशको लाईफलाईन र अर्न्तराष्ट्रिय सिमानासंग जोडिएको यो गाँउपालिकाले वहुआयामिक फाईदा लिन सक्ने अवसरहरु छन् । आर्थिक विकासका वहुआयामिक क्षेत्रबाट उत्पादन बृद्धि गरि बजारीकरण गर्ने जस्ले गर्दा हाम्रो व्यापार प्रवर्द्धन हुनुका साथै यस क्षेत्रका जनताको आधारभुत आवश्यकता पुरा गर्न वजार व्यवस्था भई पुजी परिचालनमा समेत ठोस मद्दत पुग्ने विश्वास लिइएको छ । यसका साथै गाउँपालिकामा पूर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरुलाई संरक्षण गर्दै मोटरेवलपुल निर्माण तर्फ ध्यान केन्द्रित गरिने छ ।
३. नाम्खा गाउपालिकामा कृषि अन्न तथा वालिहरु उत्पादनका लागि मौसम अनुकुल मध्यम रहेको छ । केही महिना हिउ जम्ने, जनताहरु पनि मौसमी रुपमा वसाई सराई गर्ने गरेका अवस्थामा यस क्षेत्रका अनुकुल समयमा उत्पादन हुने उवा,गौं,जौं, आलु,फापर लगाएतका अन्नको उत्पादन वढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइने छ । स्थानीय रैथाने वाली उत्पादनलाई प्रोत्साहन गर्ने, जनताको खाद्य सुरक्षाको अधिकारलाई सार्थकता दिन यस क्षेत्रमा नेपाल सरकारले दिदै आएका खाद्यन्न अनुदानको

कोटालाई वढाउन र गाई, भेडा बाख्राको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नका साथै निर्यात गर्ने तर्फ कार्यक्रमहरु ल्याइने छ ।

४.नाम्खा गाउँपालिकाका सम्पूर्ण क्षेत्र नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्य निर्माण गर्नका लागि हाम्रो ध्यान केन्द्रित हुनेछ । जसका लागि यस गाउपालिका भित्र रहेका वौद्ध विहार, गुम्वा, लिमी भ्याली पाटी पौवाहरुको संरक्षण तथा प्रवर्धन गर्ने निति लिइने छ । राष्ट्रिय तथा स्थानीय पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको सुधार गर्ने, होमस्टे सन्चालन गर्ने, भ्यू टावरहरु निर्माण गर्ने, राष्टिय राजमार्गमा सार्वजनिक सौचालय निर्माण गर्ने, होटेल तथा अन्य उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने, सेल्टर हाउस निर्माण गर्ने, पथयात्रीहरुको जानकारी सहितका वोर्डहरु राख्ने कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरिने छ । यस क्षेत्रको साँस्कृतिक तथा स्थानीय कला कृति तथा रिति रिवाजको राष्ट्रिय तथा अन्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्रि निर्माण गर्ने, सामाजिक संजालवाट प्रचार प्रसार गर्ने तथा राष्ट्रिय टेलीभिजनवाट प्रसारण गर्ने लगाएतका कार्यक्रमहरु सम्पन्न गरिने छ ।

५.उर्जा विकासका महत्वपूर्ण पूर्वाधार हो।  यस गाउँपालिकाका क्षेत्रभित्र विगतमा सौर्य वत्ति तथा सूधारियको चुलोको प्रयोग व्यापक रुपमा गरिएको छ, जुन असाध्यै सह्रानीय छ , वातावरण मैत्री उर्जाको प्रयोग मार्फत यस गाउँपालिकालाई समृद्ध वनाउन प्रयासरत सम्पूर्ण दातृ संस्था, नेपाल सरकार, यस क्षेत्रका सम्पूर्ण जनता तथा सरोकारवालाहरुलाई धन्यवाद समेत व्यक्त गर्न चाहान्छु । आगामी दिनमा यारी र हिल्सामा वस्ने जनताहरुलाई सौर्य उर्जा मार्फत विद्युत्त सेवा वितरण गर्ने, केही वडाहरुमा सुधारियको धुवा रहित चुलो वितरण गर्ने , र साना जल विद्युतको विकासमा गाउँपालिाका र स्थानीय सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु ल्याइने छ ।

६. विगतमा यस क्षेत्रमा संचालनमा रहेका लघुजलविद्युत आयोजनाहरुलाई पूर्ण रुपमा संचालनमा ल्याउन गाँउपालिका अन्तरगत राखी स्थानीय जनतालाई विद्युत उपभोगको प्रवन्ध मिलाइने तर्फ उर्जा मन्त्रालय, नेपाल विद्युत प्राविधिकरण तथा अन्य दातृ निकायहरुसँग सहकार्य गरी यस गाउँपालिकाको अवको पाइला साना जलविद्युत उत्पादन तर्फ केन्द्रित हुनेछ । यसका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

७. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चारको प्रविधिको समृद्धिको परिकल्पना गर्न सकिदैन । यो गाउँपालिका तथा वडाहरु सञ्चार सेवा प्रभावकारी नभएको लामो समय भइसकेको छ । बिकट भुगोलमा ईन्टरनेट  सहितको सुचना प्रविधिका विकाश सम्भावनाबारे सम्बन्धित निकायसंग समन्वय गर्ने कार्य अगाढी बढाईनेछ । सूचना र प्रविधि क्षेत्रको विकासका लागि विविध क्षेत्रमा आवश्यक कार्यक्रम ल्याईनेछ ।

८. यस क्षेत्रमा रहेका वृद्ध,अपाङ्ग,महिला तथा वालवालिका लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइने छ । लैंगिक बिभेद न्यून रहेको यस समाजमा महिलाको स्थान समाजमा पुरुष समान छ, रोजगारी , अधिकारमा पहुँच र सशसक्तिकरणमा उनीहरुलाई समाजको मुल घेरामा ल्याउने,घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने ,आफुले संविधान तथा कानुन बमोजिम पाउने हक अधिकारबारे जानकारी पाउने लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । अबको बिकाश आपाङ्गमैत्रि, बालमैत्रि, महिलामैत्रि बनाउने तर्फ निती अङ्गिकार गरिनेछ । अपाङ्गता भएका बालबालिका लागि विद्यालयमा छात्रवृत्ति दिने,आपाङ्गहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजि गरी नपाएको  देखिएमा पाउने व्यवस्था गरिनेछ । वाल विवाह, जवरजस्ती विवाह कानून विपरित भएकोले यस्ता कृयाकलापलाई निरुत्साहीत गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९.सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यो कार्यक्रम संघिय सरकारमार्फत संचालन हुने भएतापनि लाभग्राहीहरुको विवरण अनलाईन अद्यावधिक गर्नका साथै सामाजिक सुरक्षा रकम समयमै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । आगामी आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरणका लागि फोटो सहितको नामावली संकलन कार्य वडा स्तरमा सञ्चालन गरी सोको अभिलेख थप  व्यवस्थित गरिनेछ ।

१०.गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागी पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरु संचालन गरिनेछ । ग्रामिण जलस्रोत विकास परियोजना मार्फत सञ्चालनमा रहेको बहुवर्षिय आयोजनाहरुलाइ तोकिइएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन ,खानेपानी शुद्धीकरण गरेर मात्रै पिउने,सरसफाईमा ध्यान दिने,संस्कारको विकाश गर्ने तथा यस सम्बन्धमा **सफा र स्वच्छ खानपान नाम्खा गाँउपालिकाको स्वाभिमान नारालाइ** मुर्तरुप दिन कार्यक्रमहरु ल्याइनेछ । एक घर एक धाराको अवधारणालाई अगाढी बढाईनेछ ।
११.यस क्षेत्रमा रहेको महत्वपुर्ण जडिबुटी संकलन कार्यलाइ थप व्यवस्थित गर्ने तर्फ पहल गरिनेछ । यस क्षेत्रमा पाइने महत्वपुर्ण तथा बहुमुल्य जडिबुटीहरुको संकलन,प्रशोधन र बजारीकरणका लागी विभिन्न निकायहरुसंग सहकार्य र समन्वय गरी उचित व्यवस्था गर्ने तर्फ ध्यान दिइनेछ ।
१२. नाम्खा गाँउपालिका पछाडी पर्नाका एक महत्वपुर्ण कारण शिक्षा क्षेत्रमा पछाडी हो । यस क्षेत्रका समुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुलाई विद्यालयमा नै टिकाईराख्न विविध कार्यक्रमहरु ल्याइनेछ । विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागी भर्ना कार्यक्रमहरु,अभिभावकका लागी जनचेतना कार्यक्रमहरु ल्याइनेछ । शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको छ । विद्यालय क्षेत्र विकाश कार्यक्रम ,सबैका लागी शिक्षा,जिवनपार्यान्त शिक्षा,प्रौढ शिक्षा ,चेलिबेटी शिक्षा,युवा शिक्षा,लगायतका कार्यक्रमहरु अगाडी ल्याइनेछ । बालबालिकाका लागी आउने दिवा खाजा कार्यक्रम,बालमैत्री स्थानिय शासन कार्यक्रम लगायत बालमैत्री विद्यालय,खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ । गाँउपालिकामा रहेका विद्यालयहरुमा अध्ययनरत विधार्थीहरुको शैक्षिकस्तरलाई बहुमुखी बनाउने प्रयास गरिने छ , स्थानिय भाषा भेषभुषा कला संस्कृतिको जगेर्ना गर्न प्राथमिक तह सम्म एक विषय भोटभाषा निर्माण गरी आगामी आ.व. देखि लागु गर्ने नीति लिइएको छ, विद्यालयको पुर्वाधार विकास ,सरकारको अनुमती लिई वैदेशिक अनुदानलाई गाउँपालिका मार्फत ल्याउने ,शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिबद्धतामा बृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ । विगत २०७६ चैत्र महिना देखि विश्वमा फैलिएको कोभिड १९ महामारी रोगका कारण प्रत्यक्ष रुपमा नेपालमा पनि विद्यालय वन्द भएका कारण अध्ययनरत वालवालिका प्रभावित भएको देखिएकोले विद्यालयमा जान नपाई प्रभावित विद्यार्थीहरुलाई वैकल्पिक शिक्षा कार्यक्रम ल्याई शैक्षिक गुणस्तर खस्किन नदिने प्रयास थालिने छ ।

१३. जहाँका जनता स्वस्थ्य हुन्छन,त्यस ठाउँको विकाश छिटो हुन्छ भन्ने मान्यतालाई आत्मज्ञात गर्दै यस क्षेत्रमा स्वस्थ्य सेवा अभिबृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा रहेका स्वास्थ्य चौकीहरुको गुणस्तर बृद्धि गर्न पहल गर्नुका साथै स्वस्थ्यकर्मीको बसाइलाई टिकाईराख्न उचित कार्यक्रमहरु ल्याइनेछ । नेपाल सरकारको नागरिक स्वस्थ्य बिमा कार्यक्रम ,म स्वस्थ्य मेरो गाउँपालिका स्वस्थ्य जस्ता कार्यक्रमहरु आगाडी ल्याइनेछ । स्वास्थ्य कार्यालयको संरचना समेत यस कार्यालयमा

आइसकेकोले उक्त स्वस्थ्य कार्यालय मार्फत भएका सम्पुर्ण कार्यक्रमहरुहरुलाई अक्षरसः पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त,पुर्ण सरसफाईयुक्त बनाउनका साथै बालमृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयमसेविकाहरु परिचालन ,स्वास्थ्यकर्मीहरु परिचालन गर्ने थप पहल गरिनेछ युवायुवतीहरुको लागी यौन तथा एच.आई.भि.एड्स शिक्षा ,सरुवा रोगहरुको नियन्त्रणका लागी प्रचारप्रसार लगायतका कार्यक्रमहरु संचालन गरीनेछ ।
विश्व लगायत नेपालमा समेत फैलिएको कोभिड १९ महामारी रोगका कारण राज्य नै अलग थलग भई संवेदनशिल मोडमा रहेको अवस्थामा आफ्नो क्षेत्र भित्रका रहेका गाँउपालिका वासीलाई उक्त महामारीवाट वचाउनु र वन्दावन्दी अवस्थाबाट श्रृजित वेरोजगारी , भोकमरी , राहात,औषधोउपचार जस्ता संकटवाट बचाउन विभिन्न कार्यक्रमहरु बनाई पुर्वतयारी अवस्थामा वस्नुपर्ने अवस्था रहेको छ । यस अवस्थामा आ.व.२०७७।७८ मा गाँउपालिकाका अधिकांश योजनाहरु यो महामारीबाट सिर्जना हुने असहज स्थितिलाई सम्बोधन गर्ने तर्फ मुख्य ध्यान जाने गरी निर्माण गरिने व्यहोरा अवगत गराउँदछु । यो महामारीवाट प्रत्यक्ष प्रभावित हुने गाँउपालिका वासिन्दालाई सम्बोधन हुने र यसको व्यवस्थापनमा प्रत्यक्ष रुपमा खटिने जनप्रतिनिधि र कर्मचारीहरुको सुरक्षा र सुविधालाई समेत ध्यान दिई कार्यक्रमहरु ल्याईनेछ ।

१४.यस गाउँपालिकाका क्षेत्रमा बैंक तथा बित्तिय संस्था संचालनमा आईसकेका छन् । आगामी बर्षमा नेपाल राष्ट्र बैंकको निती तथा देशका सम्पुर्ण स्थानिय तहमा बित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्याव्यिन्व्नमा ल्याउने सहजीकरण गरिनेछ साथै गाउँस्तरमा विभिन्न समुहमार्फत बचत गर्ने बानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानिय स्तरमा सहकारी समुहहरु गठन गर्ने निती लिइनेछ । वचत बृद्धि,पुँजि निमार्ण,ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।
१५. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवा प्रभावकारिकता,गुनासो व्यवस्थापन, सर्वजानिक सुनुवाई, सामाजिक परिक्षण ,नागरिक वडा पत्र,सुचनाको हकको प्रत्याभुति,पारदर्शिता,जवाफदेहिता,भष्ट्राचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिबृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन लागिनेछ ।

१६. यस गाउँपालिका तथा अन्तरगत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारीहरु सधैं बसुन गाउँवासीको पीरमर्का सुन्ने,जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागी तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । बिकट भौगोलिक क्षेत्रमा आई काम गर्नु पर्ने बाध्यता भएकोले आवश्यकता हेरी प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ ।

१७.यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ,सक्रिय जनसंख्याको हिस्सा उच्च हुदाँपनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिवी न्युनिकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोतसाधनका समुचित परिचालन नसकेको तीतो यथार्थ हाम्रो सामु छ ।
युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिवी न्युनिकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने,खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।
१८.जलवायु परिर्वतनले विश्लाई नै चुनौती दिइरहेको वर्तमान परिपेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास

कार्याक्रमहरु सञ्चालन गरी दरिलो अर्थतन्त्रको प्रवर्द्धन गरिने छ साथै वृक्षारोपन कार्यलाई तदारुकताका साथ सञ्चालन गरिने छ । बोट बिरुवाहरु काट्न नदिने,वनक्षेत्र बिस्तार कार्यक्रमहरु सञ्चालन गर्ने ,जंगली जीवजन्तुको अवैध हत्या,चोरी सिकारी तथा हाडखोरको अवैध पैठारीलाई रोक्न सुरक्षा निकायसँग सहकार्य गरी कडा कानुनी कारवाहीको व्यवस्था गरिनेछ । वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका बिषयमा कार्यक्रमहरु संचालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम संचालन गर्ने,नदी नियन्त्रण ,जलाधार संरक्षण,फोहोरमैला व्यवस्थापन ,जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका बिषयलाई महत्वका साथ सम्बोधन गरिनेछ।

२०.गाँउपालिकामा हुने विभिन्न कार्यक्रमहरुमा यस गाँउपालिकाका निर्वाचित जनप्रतिनिधिहरु र सम्पूर्ण कर्मचारीहरुले कार्यक्रममा रहँदा वस्दा भड्किलो क्रियाकलापमा संलग्न नहुने तथा सेवाभावमा उत्कृष्ट कार्य प्रगति भएका कर्मचारीलाई पुरस्कृत तथा जिम्मेवारी प्रति उत्तरदायी नहुने कर्मचारीलाई कारवाहीको मापदण्ड अपनाईने छ ।

२१. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२२. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२३. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं  २०७७  भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न

हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

२५. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु ५ लाख भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

२६. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

२७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८. एक गाँउपालिका एक नमुनावस्तीको अवधारणा अगाढी बढाईनेछ, स्वास्थ्य संस्थामा आई सेवा लिन नसक्ने नागरिकलाई स्थानीय स्तरमा गई स्वास्थ्य सेवा उपलब्ध गराइने छ, निर्माणसंग युवा र उत्पादनसंग महिला जोड्ने कार्यक्रम ल्याईनेछ, अध्यक्षसंग खेलकुद कार्यक्रम ल्याइनेछ, उपाध्यक्षसंग .न्यायिक समानता कार्यक्रम ल्याइनेछ, सार्वजनिक जग्गामा,कवुलियत तथा सामुदायिक वन क्षेत्रमा बृक्षारोपण सामुहिक स्याउ, ओखर तथा जडिबुटी रोप्ने कार्यक्रम ल्याईनेछ, दुग्ध व्यवसाय, पशुपंक्षि व्यवसायलाई सहकारीमा जोड्ने कार्यक्रम ल्याईनेछ , सवै प्रकारका कुलत दुर्वसनी विकृति हटाउन आवश्यक नीति बनाई नियन्त्रण गर्ने कार्य अगाढी वढाईनेछ, मुख्य सडक तथा वडा कार्यालय रहेका स्थानमा प्रतिक्षालयको व्यवस्था गरिनेछ, निर्माण कार्यमा राम्रो काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने कार्यक्रम ल्याईनेछ स्थानीय उद्योगको प्रवर्द्धनका लागि गाँउपालिकाको पहिचान झल्कने कार्य गरेमा आवश्यक अनुदान दिने कार्यक्रम ल्याइनेछ, समाजवाद उन्मुख समाज निर्माणका लागि नीति तथा कार्यक्रम ल्याईनेछ ।

२९. यस वर्षलाई नाम्खा गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ ।

धन्यवाद!!!

## स्थानिय तहको आर्थिक ऐन, २०७७

नाम्खा गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना नाम्खा गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम नाम्खा गाउँ सभाले ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो ऐनको नाम "आर्थिक ऐन ,२०७७" रहेको छ ।

(२)यो ऐन २०७७ सालको साउन १ गतेबाट नाम्खा गाउँपालिका क्षेत्रमा लागु भएको छ ।

२.**सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनूसचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर** : गाउँपालिका क्षेत्रभित्र अनसचि (२) बमोजिम भुमि कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर**ःगाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी परै आशिंक तवाले दिएकोमा अनुसचि (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५.**व्यवसाय कर** :गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६.**जडिबुटी,कवाडी र जन्यजन्तु कर** :गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाल उन ,खोटो ,बनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको मृत वा मारिएका जीवजन्तुको हाड,सिङ्ग,प्वाँख ,छाला जस्ता वस्तुको कारोवार गरेवापत अनुसचि (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७.**सवारी साधन कर** :गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८.**विज्ञापन कर**ःगाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९.**मनोरञ्जन कर** :गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन मा अनुसचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०.**बहाल बिटौरी शुल्क** :गाउँपालिका क्षेत्रभित्र आफुले निमार्ण,रेखदेख वा संचालन गरेका अनुसचि ( ९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क कर लगाइने र असुल उपर गरिनेछ ।

११.**पाकिङ शुल्क**ःगाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ सुविधा उपल्वध गराए वापत अनुसचि (१०) बमोजिम पाकिङ शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्गशुल्क** :गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफटिङ्ग व्यवसाय संचालन गरेवापत अनुसचि (११) बमोजिम शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर** :गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसुचि ( १२) मा उल्लेखित त स्थानिय पुर्वाधार र उपल्वध गराइएको सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भएअनुसार सेवा शुल्क दस्तुर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** :गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसचि (१३) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५.**कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिइने छैन ।

१६.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि** :यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

नाम्खा गाउँपालिका अर्थ सम्बन्धी प्रश्तावलाई कार्यान्वयन गर्न बनेको विधयेक आर्थिक बर्ष २०७७/०७८

अनुसुचि-१

| सि.न. | सम्पति कर | १.१.३ | करका दर | कैफियत |
|---|---|---|---|---|
| क. | बिस लाख सम्म | | नलाग्ने | |
| ख. | तिस लाख सम्म | | ५०० | |
| ग. | पचास लाख सम्म | | १००० | |
| घ. | एक करोड सम्म | | १ प्रतिशत | |
| ङ | एक करोड भन्दा माथी | | २ प्रतिशत | |

अनुसुचि-२

| सि.न | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | मलपोत तथा भुमिकर | १.१.१ | | |
| क. | बारी र पाखो | | प्रति हल | |

अनुसुचि-३

| सि.न | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | बहाल कर | १.१.४ | | |

| | | | | |
|---|---|---|---|---|
| क. | बहाल कर | | बहाल करको १० प्रतिशत | |

अनुसुचि-४

| सि.न | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | व्यवसाय कर | १.१.५ | | |
| क. | चुरोट रक्सी | | रु २० प्रति प्याकेट र बोटल | |
| ख. | रु ५ लाखदेखि १० लाख सम्म कारोवार हुने व्यवसाय | १.१.४ | | |
| ग. | रु १० लाखदेखि ५० लाख सम्म कारोवार हुने  व्यवसाय | | मात्र २ प्रतिशत | |
| घ. | रु ५० लाखदेखि १ करोड सम्म कारोवार हुने  व्यवसाय | | मात्र ५प्रतिशत | |

अनुसुचि-५

अनुसुचि-६

अनुसुचि-७

| सि.न | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | विज्ञापन कर | | | |
| क. | विज्ञापन कर एक रंग | | रु.१०० प्रति वर्गफिट | |
| ख. | विज्ञापन कर दुई रंग | | रु.२०० प्रति वर्गफिट | |
| ग. | विज्ञापन कर बहुरंग | | रु.३०० प्रति वर्गफिट | |

अनुसुचि-८

अनुसुचि-९

अनुसुचि-१०

अनुसुचि-११

अनुसुचि-१२

| सि.न | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | सेवा शुल्क | | | |
| क. | व्यवसाय नविकरण शुल्क | | रु ५०० | |
| ख. | व्यवसाय सिफारिस दस्तुर | | रु.५०० | |
| | अचल सम्पतिको मुल्याङकन शुल्क | | | |
| १. | **रु ५००० देखि १ लाख सम्म** | | रु.५०० | |
| २. | **रु १ लाखदेखि ३ लाख सम्म** | | रु.१००० | |
| ३. | **रु ३ लाखदेखि ५ लाख सम्म** | | रु.१५०० | |
| ४. | **रु ५ लाखदेखि १० लाख सम्म** | | रु.३००० | |
| ५. | **रु १० लाखदेखि ५० लाख सम्म** | | रु.८००० | |
| ६. | **रु ५० लाखदेखि १ करोड सम्म** | | रु.१०००० | |
| ७ | **घरको बाटो तथा अंशबण्डा सिफारिस** | | रु.२०० | |
| ८ | **व्यवसाय बाहेक अन्य सम्पुर्ण दस्तुर** | | रु.१०० | |
| ९ | **जन्मदर्ता शुल्क** | | रु.१०० | |
| १० | **मृत्युदर्ता शुल्क** | | रु.१०० | |
| ११ | **विवाह दर्ता** | | रु.२०० | |
| १२ | **बसाई सराई दर्ता** | | रु.५०० | |
| १३ | **सम्बन्ध बिच्छेद** | | रु.५०० | |
| १४ | **पंजिकरण प्रतिलिपी** | | रु.१०० | |
| १५ | **नागरिकता सिफारिस** | | रु.१०० | |
| १६ | **नागरिकता प्रतिलिपी सिफारिस** | | रु.१०० | |
| १७ | **पिछडीएको क्षेत्रको सिफारिस** | | रु.१०० | |
| १८ | **चरकिल्ला प्रमाणित** | | रु.२०० | |
| १९ | **घर जग्गा मुल्याङकनको सिफारिस** | | रु.५०० | |
| २० | **नाता प्रमाणित** | | रु.२०० | |
| २१ | **योजना सम्झौता सिफारिस** | रु १० लाखसम्म<br>रु १० भन्दा माथी | रु.५००<br>रु १००० | |
| २२ | **योजना भुक्तानी सिफारिस** | रु १० लाखसम्म | रु.५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | रु १० भन्दा माथी | रु १००० | |
| २३ | **नमथर शंसोधन सिफारिस** | | रु.२०० | |
| २४ | **उद्योग दर्ताको लागी सर्जमिन** | | | |
| २५ | **सानो** | | रु.५०० | |
| २६ | **ठुलो** | | रु.१००० | |
| २७ | **थाई ठेगाना प्रमाणित सिफरिस** | | रु.१०० | |
| २८ | **थाई ठेगाना प्रमाणित वडा सिफरिस** | | रु.१०० | |
| २९ | **जग्गा दर्ता सिफरिस प्रति रोपनी** | | रु.५० | |
| ३० | **राजिनामा बकस पत्र** | | रु.२०० | |
| ३१ | **उद्योग स्थापना सिफारिस तथा नामसारी** | | रु.५०० | |
| ३२ | **पशुपालन सफारिस प्रति गोटा** | | रु.१० | |
| ३३ | **गैरसरकारी संस्था ,क्लव  दर्ता** | | रु.१००० | |
| ३४ | **कृषि फर्म दर्ता** | | रु.५०० | |
| ३५ | **होटल तथा रेष्टरेण्ट** | | | |
| | समान्य चिया पसल | | रु.५०० | |
| | मध्यम खालको होटल | | रु.१००० | |
| | राम्रो खालकोृ होटल | | रु.२००० | |
| | राम्रो खालकोृ रेष्टरेण्ट | | रु.२००० | |
| | खना नास्ता LODGING/ FOODING | | रु.२००० | |
| ३६. | **मदिरा पसल** | | | |
| | खुद्रा बिकी | | रु.१५०० | |
| | थोक बिकी | | रु.२५०० | |
| ३७. | **कुखुरा पालन व्यवसाय** | | | |
| | ०० भन्दा कम | | रु.५०० | |
| | ५०० देखी १००० सम्म | | रु.१००० | |
| | १००० भन्दा माथी | | रु.१५०० | |

| | | | | |
|---|---|---|---|---|
| ३८. | **समान्य स्टेशनरी पसल** | | रु.१००० | |
| ३९. | **कपडा तथा फेन्सी पसल** | | रु.१५०० | |
| ४०. | **मेडिकल** | | रु.१००० | |
| ४१. | **बिज्ञापन कर प्रति होडिङ्ग बोर्ड** | | रु.५०० | |
| ४२. | **कर्मचारी भर्ना दस्तुर** | | | |
| | अधिकृत स्तर भन्दा माथी | | रु.१००० | |
| | ना.सु भन्दा तल | | रु.५०० | |
| ४३. | **कृषि अनुदान बिरुवाको लागी निवेदन शुल्क** | | रु.१०० | |
| ४४. | **कृषि अनुदान सिचाईको निवेदन शुल्क** | | रु.१०० | |
| ४५. | **कृषि अन्तरगत अन्य निवेदन शुल्क** | | रु.१०० | |
| ४६. | **विदेश जानको लागी सिफरिस कर्मचारी** | | रु.१००० | |
| ४७. | **विदेश जानको लागी तेस्रो मुलक** | | रु.१२०० | |
| ४८. | **खानेपानी,विद्युत टेलिफोन जडान तथा नामसारी** | | | |
| | आवसयि | | रु.१५० | |
| | व्यवसाय | | रु.५०० | |
| ४९. | **पेन्सन पट्टा सिफरिस** | | | |
| | स्वदेश | | रु.१५० | |
| | विदेश | | रु.५०० | |
| ५०. | **आय श्रोतको प्रमाणित** | | कुल आयको १ प्रतिशत | |
| ५१ | **विद्यालय अपग्रेड** | | | |
| | नि. मा.वि सम्म | | रु.२००० | |
| | मा.वि सम्म | | रु.३००० | |
| | उ. मा.वि सम्म | | रु.५००० | |

## नाम्खा गाउँपालिकाको विनियोजन ऐन,२०७७

### नाम्खा गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७७।०३।१४

**प्रस्तावनाः** नाम्खा गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम नाम्खा गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम "नाम्खा गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखा ले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथी उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी ( संघ र प्रदेशवाट प्राप्त राजश्व बांडफांड, वित्तिय समानिकरण, सर्शत अनुदान, विशेष अनुदान र समपुरक अनुदान को) जम्मा रकम रु ३२३८९१८४० (अक्षेरुपी वत्तिस करोड अठ्तिस लाख एकानव्वे हजार आठ सय चालिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त नाम्खा गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| विवरण | आन्तरिक श्रोत | राजश्व बाँडफाँडबाट प्राप्त रकम | वित्तीय समानीकरण अनुदान | सर्सत अनुदान | बिशेष समपुरक अनुदान | आन्तरिक ऋण |
|---|---|---|---|---|---|---|
| संघ | | ५२७२७८४० | ६७२००००० | १५२३००००० | २२१००००० | |
| प्रदेश | | ४५०००० | १०११४००० | २५००००० | १६५००००० | |
| जम्मा | | ५३१७७८४० | ७७३१४००० | १५४८००००० | ३८६००००० | |

यस गाँउपालिकामा विकासमा साझेदारी गरेका गैरसरकारी संस्थाहरु :

| सि.नं. | गैरसरकारी संस्थाहरु | कार्यक्षेत्र | अनुमानित रकम | गाँउपालिकाको सहाभागित रकम |
|---|---|---|---|---|
| १ | आधार विकास नेपाल हुम्ला | शिक्षा, स्वास्थ्य, महिला तथा वालवालिका | ७२१७०१०।०० | |
| २ | सिप नेपाल | स्वास्थ्य | ३००००००।०० | |
| ३ | हिमाली वाल समाज | शिक्षा | ८४०००००।०० | |
| ४ | रिर्सोसेज हिमालय फाउण्डेसन | वन | नखुलेको | |
| ५ | स्वास्थ्यको लागि सक्षम प्रणाली | स्वास्थ्य | ८०००००।०० | गर्नुपर्ने |
| ६ | बहुक्षेत्रीय पोषण कार्यक्रम | स्वास्थ्य | १३०००००।०० | गर्नुपर्ने |

# वडास्तरीय कार्यक्रमहरु

| सि.नं. | ठेगाना | योजनाको नाम | बजेट रकम |
|---|---|---|---|
| १ | वडा नं.१ | वडा कार्यालय व्यवस्थापन | ५००००० |
| २ | वडा नं.१ | पेमा छोइकोलिङ गुम्वा भित्ते लेखन | १०००००० |
| ३ | वडा नं.१ | उग्रेन डडुल भान्साघर माथिल्लो तला निर्माण | ८००००० |
| ४ | वडा नं. १ | पाल्मो गुम्बाको भान्छा निर्माण तथा फिल्ड मर्मत | ४५०००० |
| ६ | वडा नं. १ | नम्दुक गुम्वा भान्साघर निर्माण | ७५०००० |
| ७ | वडा नं.१ | फुन्च्वाते देखी टोपे लेख सम्म घो वा | २००००० |
| ८ | वडा नं. १ | हेप्का गुम्बा धर्मघट्ट निर्माण | ३००००० |
| ९ | वडा नं. २ | विपद व्यवस्थापन कोष | ८००००० |
| १० | वडा नं. २ | केर्मि स्वास्थ्य फर्निचर | ४००००० |
| ११ | वडा नं. २ | च्यादुक विद्युत्त मर्मत | ६००००० |
| १२ | वडा नं. २ | वडा कार्यालय लिपपोत र चौर निर्माण | २००००० |
| १३ | वडा नं. २ | वडा कार्यालय व्यवस्थापन खर्च | ३००००० |
| १४ | वडा नं. २ | तातोपानी आधारभुत विद्यालयमा कम्प्युटर खरिद | २००००० |
| १५ | वडा नं. ३ | गुरु लाखाड गुम्वाको फाउण्डेसन सामाग्री | ११००००० |
| १६ | वडा नं. ३ | मनि लाखाड गुम्वाको भान्सा घर र मनिलाखाड धर्मघट्ट निर्माण | ६००००० |
| १७ | वडा नं. ३ | सत्य आधारभुत विद्यालय घेरवार | ३००००० |
| १८ | वडा नं. ३ | वडा कार्यालय व्यवस्थापन | ५००००० |
| १९ | वडा नं. ४ | जग्गा घेरवार चाला | ८००००० |
| २० | वडा नं. ४ | तेल पेल्ने मेसिन | ८००००० |
| २१ | वडा नं. ४ | खेत जोत्ने मेसिन | ८००००० |
| २२ | वडा नं. ४ | कोरोना रोकथाम तथा नियन्त्रण | १००००० |
| २३ | वडा नं. ५ | ह्यांसी गुम्वा मर्मत यारी | ६००००० |

| | | | |
|---|---|---|---|
| २४ | वडा नं. ५ | पल्लो यारी गुम्वा प्लाष्टर | २५०००० |
| २५ | वडा नं. ५ | न्हेम काठेपुल निर्माण | १००००० |
| २६ | वडा नं. ५ | लाईदिड काठेपुल निर्माण | १००००० |
| २७ | वडा नं. ५ | तुम्कोट गुम्वा सिलिड तुम्कोट | ३००००० |
| २८ | वडा नं. ५ | पेराड पुल काठेपुल निर्माण मुचु | १००००० |
| २९ | वडा नं. ५ | मुचु मन्दिर निर्माण | ७००००० |
| ३० | वडा नं. ५ | वडा कार्यालय व्यवस्थापन खर्च | ३५०००० |
| ३१ | वडा नं. ६ | तिल जलविद्युत्त कुलो निर्माण | ८००००० |
| ३२ | वडा नं. ६ | जाँग जलविद्युत्तको मर्मत | १३००००० |
| ३३ | वडा नं. ६ | साम्पारी देखी थैलुम सम्म घारेटो वाटो निर्माण | ९००००० |
| ३४ | वडा नं. ६ | हल्जी देखी लिमी लाप्चा सम्म मोटर वाटो मर्मत | ५००००० |
| ३५ | वडा नं. ६ | विपद व्यवस्थापन कोष | ५००००० |
| | | | |
| गाँउपालिका स्तरीय योजना | | | |
| १ | गाँउपालिका | कर्मचारी कल्याण कोष | १०००००० |
| २ | गाँउपालिका | आर्थिक सहायता तथा विपद व्यवस्थापन कोष | १५०००००० |
| ३ | गाँउपालिका | भैपरी तथा मर्मत सम्भार | ५०००००० |
| ४ | गाँउपालिका | सर्भे डिजाइन | ४५००००० |
| ५ | गाँउपालिका | गाँउपालिका प्रोफाईल निर्माण | १०००००० |
| ६ | गाँउपालिका | सवारी साधन मर्मत | १०००००० |
| ७ | गाँउपालिका | समपुरक कोष | १०००००००० |
| ८ | गाँउपालिका | अन्य सेवा शुल्क | ११००००० |
| ९ | गाँउपालिका | हिल्सा गुम्वा निर्माण | १०००००० |
| १० | गाँउपालिका | फर्निचर तथा फिक्सचर | १०१४००० |

| | | | |
|---|---|---|---|
| ११ | गाँउपालिका | मेसिनरी तथा औजार | ७००००० |
| **विषयगत शाखा तर्फ** | | | |
| १ | गाँउपालिका | कृषि विकास तर्फ | २५००००० |
| २ | गाँउपालिका | पशु सेवा विकास तर्फ | ३०००००० |
| ३ | गाँउपालिका | स्वास्थ्य सेवा तर्फ | ४०००००० |
| ४ | गाँउपालिका | अपागं, जेष्ठ नागरिक, दलित, महिला तथा वालवालिका | ३५००००० |
| ५ | गाँउपालिका | शिक्षा तर्फ | २०००००० |
| ६ | गाँउपालिका | सुचना तर्फ | १०००००० |
| ७ | गाँउपालिका | प्राविधिक सामान खरिद | १०००००० |
| ८ | गाँउपालिका | स्वास्थ्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता | १०००००० |

नाम्खा गाउँपालिका गाउँसभाका सभाअध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

यस नाम्खा गाँउपालिकाको आ.व.२०७७।७८ का लागि यहि मिति २०७६।०३।१३ का दिन यसै सभामा नीति तथा कार्यक्रम प्रस्तुत भई पारित भएको व्यहोरा अवगत नै छ । उक्त नीति तथा कार्यक्रमको मुल मन्त्रलाई आत्मसात गर्दै यस नाम्खा गाँउ कार्यपालिकाको बैठकमा बृहत्त छलफल गरी गाँउ कार्यपालिकाबाट स्वीकृत भएको आ.व.२०७७।०७८ बजेट विनियोजन तथा बाँडफाँड यस सभामा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

यस गाँउपालिकाको पुंजीगत खर्चतर्फ जम्मा रकम रु.७७३१४०००।०० अक्षरुपी **<u>सात करोड त्रियत्तर लाख चौध हजार रकम</u>** विनियोजन गरिएको छ । यसमा संघीय सरकारबाट रु ६७२०००००।०० अक्षरुपी **<u>छ करोड वहत्तर लाख</u>** र प्रदेश सरकारवाट रु १०११४०००.अक्षरुपी **<u>एक करोड एक लाख चौध हजार</u>** प्राप्त हुन आएको छ ।

यस गाँउपालिकाका चालु खर्चतर्फ जम्मा रकम रु. ५३१७७८४० अक्षरुपी **<u>पाँच करोड एकतिस लाख सतहत्तर हजार आठ सय चालिस</u>** विनियोजन गरिएको छ । यसमा संघीय सरकारबाट रु ५२७२७८४०.अक्षरुपी पाँच करोड सत्ताइस लाख सत्ताइस हजार आठ सय चालिस र प्रदेश सरकारबाट रु ४५०००० अक्षरुपी **<u>चार लाख पचास हजार</u>** प्राप्त हुन आएको छ ।

यस गाँउपालिकाको विशेष अनुदान र समपुरक अनुदानमा संघीय सरकारवाट २२१००००० अक्षरुपी दुई करोड एक्काइस लाख र प्रदेश सरकारबाट रु १६५००००० अक्षरुपी **एक करोड पैसठ्ठी लाख** रकम प्राप्त हुन आएको छ ।

यस गाँउपालिकाको सशर्त अनुदानमा जम्मा रकम रु १५६८००००००।०० अक्षरुपी **पन्ध्र करोड अठ्सठ्ठी लाख** विनियोजन भएको छ । यसमा संघीय सरकारवाट रु १५२३००००००।०० अक्षरुपी पन्ध्र करोड तेइस लाख र प्रदेश सरकारवाट ४५०००००।०० अक्षरुपी **पैतालिस लाख** प्राप्त हुन आएको छ ।

यस आ.व मा गाँउपालिकामा विकास निर्माण तथा प्रशासनीक क्रियाकलापबाट रु  ४७१००० अक्षरुपी आन्तरिक श्रोत रु. **चार लाख एकहत्तर हजार** प्राप्त हुन आएको छ ।

आ.व. २०७७।७८ मा यस गाँउपालिकामा विकासमा साझेदारी संस्थाहरुमा आधार विकास नेपाल,सिप नेपाल, अष्ट्रेलिया साझेदारी, हिमाली वाल समाज, रिर्सोसेस हिमालयन फाउण्डेसन, स्वास्थ्य क्षेत्रमा काम गर्ने स्वास्थ्यको लागि सक्षम प्रणाली कार्यक्रम, कैलास चिल्ड्रेन फाउण्डेसन जस्ता अन्तराष्टिय तथा राष्टिय गैरसरकारी संघ संस्था क्रियाशिल रहेका छन् । उक्त संस्थाहरुले गर्ने केही क्रियाकलापमा गाँउपालिकाको तर्फबाट पनि केही दायित्व व्यहोर्नु पर्ने देखिन्छ उक्त आवश्यक रकम अल्या भई आउने रकमबाट विनियोजन गरिनेछ ।

अव म नाम्खा गाँउपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आ.व. २०७७।०७८ को नाम्खा गाँाउपालिकाको स्थानीय तहको आर्थिक ऐन,२०७७ लाई पारितका लागि सभा समक्ष पेश गरेको छु ।

नाम्खा गाँउपालिकाको आ.व. २०७७।०७८ को सेवा र कार्यहरुको लागि सन्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने व्यवस्था गर्न वनेको नाम्खा गाँउपालिकाको विनियोजन ऐन, २०७७ लाई पारितका लागि सभा समक्ष पेश गरेको छु ।

सिमित स्रोत साधनमा नाम्खा गाँउपालिका जनताहरुका धैरै आवश्यकता पूरा गर्नुपर्ने वाध्यताको अवस्थामा बजेट विनियोजन गर्नु परेको छ । बजेट विनियोजन गर्दा सवैका आवश्यकताहरु र योजनाहरुलाई समेट्न नसकिएको होला सक्दो प्रयास सवै वडाका जनतालाई सम्बोधन हुने गरी बजेट विनियोजन गर्ने प्रयास गरिएको छ । गहन प्रयास गर्दा गर्दै पनि छुट्न पुगेका योजनाहरुलाई आगामी दिनमा सम्बोधन हुने प्रतिवद्धताका साथ आ.व.२०७७।२०७८ को यस गाँउपालिकाको पुँजीगत खर्च र चालु खर्च तर्फ विनियोजन गरिएको बजेटको विवरण पारितका लागि सभासमक्ष पेश गर्ने अनुमति चाहान्छु ।

समग्रमा सम्मानित सभा समक्ष आ.व.२०७७।०७८ का लागि प्रस्ताव गरिएको स्थानीय कर तथा शल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वनेको विद्येयक, विनियोजन विद्येयक र सोको अधिकार प्रयोग गरि विनियोजन गरिएको कार्यक्रम खर्च, र राजश्व बाँडफाँड अर्न्तगत

विनियोजन गरिएको चालु खर्च, सर्शत अनुदान रकम, विशेष अनुदान  रकम र समपुरक अनुदान रकम पारितका लागि सम्मानित सभा समक्ष प्रस्ताव पेश गरेको छु।

धन्यवाद